स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

अभिनेत्री आँचल शर्माले आफ्नो चरित्रमा आँच आउने ढंगले समाचार पोस्ट गरेको भन्दै दुई फेसबुक एकाउन्टविरुद्ध शनिबार बेलुका प्रहरीको साइबर ब्युरोमा उजुरी दिएकी छन् । ती दुई फेसबुक पेजलाई आवश्यक कानूनी कार्वाही गर्न भन्दै उनले निवेदन दिएकी हुन् । आँचलको निवेदनमा आफ्नो अनुमतिविना फोटोसहित चरित्रमा आँच आउने समाचार लेखी पोस्ट गर्ने व्यक्ति पहिचान गरी कानून बमोजिम कार्वाही गरि पाउँ भनि लेखिएको छ ।

आजको विचार...

राजस्व...

(दुई पेजमा)

स्वयम्भुनाथ कार्की

मिस नेपाल पृष्ठभूमिकी नीति शाहले कुनै बेला अनगिन्ती फिल्मको प्रस्ताव नकारिन् । जब उनी फिल्ममा काम गर्न तयार भइन् तब सम्झौता गरेका फिल्म समेत बन्न सकेका छैनन् । उनको फिल्म सम्झौतामा ह्याट्रिक भैसकेको छ । सम्झौता गरेका फिल्म निर्माण हुन नसकेपछि निराश देखिएकी नीतिले आइतबार इन्स्टाग्राममा एक नोट लेख्दै अभिनय निखार्नका लागि आफ्नो कौशल र आत्मविश्वासमा धेरै काम गर्नुपर्ने भएकाले अभिनयबारे थप सिक्न र जान्न मुम्बई आएको जानकारी गराएकी छन् ।

❐ वर्ष २८ ❐ अंक ३४२ ❐ २०८० असार २५ गते सोमबार 10 July 2023, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

तिनाउ नदीमा एक युवक मृत फेला

रूपन्देही, वैशाख २४/तिनाउ नदीमा एक युवक मृत फेला परेका छन् । बुटवलको तिनाउ खोला किनारमा एक युवकको शव फेला परेको हो ।

तिनाउ नदीमा रहेको पक्की पुलको तलपट्टी नदी किनारमा बुटवल उपमहानगरपालिका-५ शान्ति टोलका २० वर्षीय सुमन विकको शव फेला परेको इलाका प्रहरी कार्यालयले जनाएको छ । शरीरमा घाउ चोट नदेखिएको तर पनि केही शंकास्पद देखिएकाले बताइएको छ । शव पोष्टमार्टमका लागि लुम्बिनी प्रादेशिक अस्पतालमा राखिएको छ । आइतबार बिहान खोला किनारमा पानीमै डुबेको अवस्थामा शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । खबर लगतै प्रहरी घटनास्थल पुगेर अनुसन्धान थालेको छ ।

वडाबाटै सामाजिक सुरक्षा भत्ता

गाउँ-गाउँमा सरकारको अनुभूति गर्न थाले वृद्धवृद्धा

रामचन्द्र रायमाझी

पाल्पा, असार २४/देश संघीय संरचनामा गएसँगै 'सिंहदरबारका अधिकार, गाउँ-गाउँमा' भन्ने बहस चल्यो । निर्वाचन भएर स्थानीय तहमा जनप्रतिनिधि आएपछि 'सिंह' आए, तर 'दरबार' आएनन्, भनि व्यङ्ग्य समेत हुँदै आयो । स्थानीय सरकारको पहिलो कार्यकाल सकिएर दोस्रो कार्यकाल समेत चलेको छ । यो अवधिमा धेरै स्थानीय सरकारले जनअपेक्षा अनुसार काम गर्न सकेका छैन । जसले गर्दा सिंहदरबारको व्यङ्ग्य अझै पनि धेरै ठाउँमा लागु छ । यद्यपी केही स्थानीय तहले भने जनताको समस्यालाई बुझेर काम गरेका छन् ।

पाल्पाका केही स्थानीय सरकारले पछिल्लो समय वृद्धवृद्धाहरुले भोग्दै आएका समस्याप्रति चासो देखाएका छन् । पछिल्लो समय यहाँका बगनासकाली गाउँपालिका र माथागढी गाउँपालिकाले वृद्धवृद्धाहरुलाई वर्षौंदेखि सामाजिक सुरक्षा भत्ता बुझ्न नै महाभारत हुँदै आएको अवस्थामा वडामै पुगेर भत्ता दिन थालेका छन् । गाउँ घरबाटै भत्ता पाउन थालेपछि जेष्ठ नागरिक उत्साहित भएका छन् । माथागढी गाउँपालिका-७ का पहलमान थापा उमेरले ८५ लागे । उनलाई सामाजिक सुरक्षा भत्ता बुझ्नै महाभारत हुन्छ । घरबाट गाउँपालिकाको कार्यालय झडेवा पुग्नै ३ घण्टा लाग्छ । वर्षौंदेखि वृद्ध भत्ता बुझ्न गाउँपालिका नै पुग्नुपर्ने बाध्यताले सेवाभन्दा बढी सास्ती हुन्छ । तर अहिले यी समस्याबाट उनी जस्ता हजारौं लक्षित व्यक्तिले छुटकारा पाएका छन् । गाउँपालिकाले वडाबाटै भत्ता बाँड्न थालेपछि नागरिकलाई सास्ती कम भएको छ ।' बुढेसकालमा धेरै सहज भयो, दुई खुड्किलो टेक्दा वडा कार्यालय पुगिन्छ, त्यहीबाट भत्ता पाउन थालेको छु' थापा भन्छन्, 'टाढा हुँदा न बैंकबारे केहि बुझिन्थ्यो न भत्ता लिन जानै सजिलो थियो, सबै सास्ती कम भयो ।' माथागढीकै केशव राना अपाङ्ग छन् । उनको शारीरिक दुर्बलताले उनले पाउने सामाजिक सुरक्षा भत्ता लिनै सधैं कष्ट हुन्थ्यो । वरपरका छिमेकीको सहयोगमा बोकेरै उनलाई लैजानुपथ्र्यो । तर वडाबाटै भत्ता वितरण सुरु भएपछि अहिले राहत मिलेको छ । अहिले वडाबाटै बाँड्न थालेपछि गाउँपालिकाको कार्यालय धाउनुपर्ने बाध्यता कम भएको राना बताउँछन् ।

गाउँपालिकाले आफ्ना नागरिकलाई वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेको छ । नागरिकको सेवालाई सहज बनाउने उद्देश्यले वडाबाटै भत्ता वितरण गरिएको हो । भौगोलिक विकटताका कारण बैंकिङ सेवा र गाउँपालिका केन्द्रसम्म कष्टकर यात्रा गरी धाउनुपर्ने सास्तीलाई कम गर्न स्थानीयस्तरबाटै भत्ता वितरण गर्न थालिएको सामाजिक विकास समितिका संयोजक तथा वडा १ वडा अध्यक्ष राजकुमार पन्थीले बताए । गाउँपालिका पञ्जिकरण सेवा ईकाईको आयोजना तथा नेपाल ईन्भेष्मेण्ट मेघा बैंकको समन्वयमा पालिकाले वडामा पुगेर समुदायस्तरा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । यातायातको पहुँच कम भएका वडाहरु वडा ४, ५, ६, ७ र ८ वडाका टोलबस्तीमै पुगेर अहिले भत्ता वितरण गरिएको पन्थीको भनाई छ । उनका अनुसार छिट्टै वडा १, २ र ३ का वडामा पुगेर घुम्तीमार्फत भत्ता वितरण गरिने छ । यस्तै बगनासकाली गाउँपालिकाले पनि वडाबाटै सामाजिक सुरक्षा भत्ता बापतको रकम वितरण थालेको छ । गाउँपालिकाले चालु आवको पहिलो त्रैमासिकदेखि नै वडातमै पुगेर सामाजिक सुरक्षा वितरण थालेको हो ।

बैंकमा घण्टौं लाइन बसेर टाढाबाट भत्ता लिन जान कठिन परेको बेला वडाबाटै भत्ता बुझ्न पाएपछि वृद्धवृद्धाहरूको उत्साहित भएका छन् । वडा २ पोखराथोकका ७९ वर्षीय हेमलाल नेपालीले वडाबाटै भत्ता बुझ्न पाएपछि निकै उत्साहित भए । उनी भन्छन् 'निर्वाचनका बेला भोट माग्न आउँदा बृद्ध भत्ता वडाबाट दिन्छौं भन्थे, त्यतिबेला विश्वास लागेको थिएन, अहिले भने निर्वाचनमा मतदातासँग गरेको प्रतिवद्धता अनुसार नै काम सुरु गरेकोमा निकै खुसी लागेको छ ।'

(...बाँकी अन्तिम पेजमा)

ललिता निवास प्रकरण : थप तीन पक्राउ



पाल्पा, असार २४/ललिता निवास जग्गा प्रकरणमा जोडिएका थप तीन आरोपित पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउत, समरजंग कम्पनीका तत्कालीन प्रमुख लोकहरि घिमिरे र नापी सर्वेक्षक ध्रुवप्रसाद अर्याललाई पक्राउ गरेको हो ।

राउतलाई काठमाडौंबाट विराटनगर जाने क्रममा त्रिभुवन विमानस्थलबाट पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले जनाएको छ । ललिता निवास जग्गा हिनामिना प्रकरणमा मुछिएका उनलाई प्रहरीले यसअघि नै पक्राउ पुर्जी लिइसकेको थियो । २०६६/०६७ ताका प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुखको निवास विस्तार गर्ने नाममा भूमाफियाको योजनाअनुसार अगाडि बढेको सट्टाभर्ना सम्बन्धी निर्णयमा राउत शाखा अधिकृत हुँदा टिप्पणी उठाएका थिए । त्यही टिप्पणी सहसचिव, सचिव, मन्त्री हुँदै तहगत रुपमा सदर गरेर मन्त्रिपरिषद्मा पुर्‍याइएको थियो ।

यस्तै पक्राउ परेका घिमिरेले समरजंग कम्पनीका प्रमुखको रुपमा रहेको बेलामा सरकारी जग्गा दाबी गर्नुपर्ने समयमा दाबी नगरेका कारण हिनामिनामा उनको पनि संलग्नता रहेको प्रारम्भिक अनुसन्धानमा देखिएपछि प्रहरीले पक्राउ गरेको हो । अर्यालचाहिँ नापी अधिकृतको रुपमा जग्गा नापजाँचमा संलग्न रहेको बुझिएको छ । सीआइबी श्रोतका अनुसार पक्राउ परेका थप तीन जनासहित ललिता निवास प्रकरणमा १५ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । जस मध्ये तीन जना अदालतको आदेशका कारण पक्राउ परेपछि छुटे । यो प्रकरणमा सार्वजनिक पदधारण गरेका झण्डै डेढ सयभन्दा बढी पदाधिकारी र कर्मचारीहरु जोडिएका छन् ।

(...बाँकी अन्तिम पेजमा)

गोरू पाल्ने किसानलाई प्रोत्साहन भत्ता

रामपुर (पाल्पा), असार २४/गाउँमा खेतीयोग्य जमिन बाँझिन थालेपछि गोरुपालन गर्ने किसानलाई प्रोत्साहनमूलक कार्यक्रम ल्याइएको छ । पाल्पाको रिब्दीकोट गाउँपालिका-१ को कार्यालयले आगामी आर्थिक वर्षदेखि लागू हुने गरी गाउँमा बसेर गोरुपालन गर्ने किसानलाई प्रोत्साहन भत्ता दिने भएको छ ।

गाउँका खेतबारी विभिन्न खेतीपातीले हराभरा बनोस् भन्दै नयाँ हलगोरु किनेर पाल्ने किसानलाई एक हल गोरु बराबर पाँच हजार भत्ता दिने कार्यक्रम ल्याएको वडाध्यक्ष चिरञ्जीवी पोखरेलले बताए । उनका अनुसार नयाँ किन्नेलाई पाँच हजार, घरमा नियमित पालिरहने किसानलाई वार्षिकरुपमा दुई हजार पाँच सय भत्ता दिइनेछ । अहिले गाउँघरमा गोरुपालन



हराउँदै गएको अवस्थामा गोरुको संरक्षण र खेतबारी बाँझिन नदिनका लागि गोरुपालनमा भत्ताको कार्यक्रम ल्याइएको हो । 'घरमा गोरु पालियो भने खेतबारी बाँझिदैन, अहिले त घरमा भएका गोरु हटाउन थालियो, खेतबारी बाँझै राख्ने, बजारबाट अनाज किनेर खाने आदत बसेको छ, घरको उत्पादनले जीविका चलाउन प्रोत्साहन दिन यस कार्यक्रम ल्याइएको छ', वडाध्यक्ष पोखरेलले भने । कृषिलाई बढवा दिन यो नीति लिएको वडाध्यक्ष पोखरेल बताउँछन् । गोरु पाल्दा सामान्य परिवारलाई ठूलो राहत मिल्छ । घरका गोरु, घरकै जोत्ने मान्छे हुँदा आम्दानी पनि राम्रै हुनेछ ।

गोरुको मल समेत खेतबारीमा प्रयोग गर्न पाइने हुँदा गोरु पाल्ने किसानलाई वडाले प्रोत्साहन भत्ताको व्यवस्था गर्न लागेको हो । अहिले गाउँघरमा एकहल गोरुले खेतबारी जोतेमा दैनिक दुई हजार पाँच सयसम्म ज्याला रहेको छ । घरमै गोरुपालन गरियो भने किसानका खेतबारी बाँझिने भएनन् अर्कोतर्फ खेतबारी जोतेर राम्रै कमाउन सकिनेछ । -रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

डरलाग्दो बन्दै 'लम्पी स्किन'

केही महिना अघि पाल्पाका पशुहरुमा देखिएको 'लम्पी स्किन रोग'को संक्रमण अहिले देशका अधिकासं जिल्लाहरुमा डरलाग्दो रुपमा देखिएको छ । दुई महिनाअघि ३५ जिल्लाका १५ हजार पशुमा देखिएको यो रोगको विस्तार दर डरलाग्दो देखिएको छ । संक्रमणका कारण १० हजार भन्दा बढी पशु मरेको पशु सेवा विभागले जनाएको छ । गत चैतको मध्यबाट फैलिन सुरू गरेको यो रोग अहिले देशका धेरै भागमा पुगिसकेको छ । गाईवस्तुमा लाग्ने लम्की स्किन रोगको संक्रमण दिन प्रतिदिन भयावह हुँदै गर्दा त्यसले अहिले चिन्ताजनक अवस्था समेत निर्माण गर्न पुगेको देखिन्छ । यतिबेला देशभरका झण्डै १५ हजार गाईले यसको संक्रमणमात्रै भोगिरहेका छैनन्, हजारौंको संख्यामा गाईहरु मर्न बाध्य भैरहेका पनि छन्, जसका कारण गाईपालक किसानहरु भने ठूलो मारमा परिरहेका छन् । सुरूमा यो रोग देखिएकै अवस्थामा रोकथाम तथा उपचारमा पर्याप्त ध्यान दिइएको भए हाल देशका आधाजसो जिल्लाहरुलाई त्यसले प्रभाव पार्न सक्ने अवस्था आउने थिएन । यसतर्फ न सरकारको ध्यान जान सकेको छ न त सम्बन्धित निकायको नै । यो रोगको कारण किसानले ठूलो नोक्सानी व्यहोर्न परेको छ । दूधमा आत्मनिर्भर उन्मूख भइसकेको नेपाल पुनः ठूलो मात्रामा दूध आयात गर्नुपर्ने अवस्थामा पुग्नुमा यो रोग पनि एक महत्वपूर्ण कारण हो । भाइरल रोग भएकाले यसको कुनै ठोस उपचार छैन । रोग निको हुन लामो समय लाग्ने र रोग निको भएका गाईहरूमा दूध उत्पादन नबढ्दा किसानहरूले उत्कृष्ट भनिएका गाईहरू हटाउनु परेको छ ।

यो रोग लागेर मरेका पशुहरूको उचित तरिकाले गाड्ने वा जलाउने कार्य छिटोभन्दा छिटो गर्नुपर्दछ । आफ्नो फर्ममा यो रोग भित्रन नदिन विश्वसनीय स्रोतबाट मात्र गाईभैंसी खरिद गर्नुपर्दछ । यो रोग लागेर गाई हटाएको स्थानमा कम्तिमा २१ दिनसम्म पुनः नयाँ गाई राख्न हुँदैन र नयाँ गाई राख्नुपर्दा पनि कम्तिमा २८ दिन पहिले यो रोग विरुद्धको खोप लगाएको गाईहरू मात्र खरीद गर्नुपर्दछ । त्यस्तै किसानले जैविक सुरक्षालाई विशेष ध्यान दिने, गोठलाई झिङ्गा, लामखुट्टे तथा अन्य किराबाट मुक्त राख्ने, सरसफाइमा जोड दिने गर्नुपर्ने हुन्छ । रोग लागेर गाईहरु मर्दै गरेको अवस्थामा समेत पर्याप्त मात्रामा पशु प्राविधिकहरुको उपस्थितिको अभाव भने अहिलेको खड्किएको विषय हो । यसतर्फ स्थानीय, प्रदेश र संघीय सरकारले ध्यान दिन जरुरी छ ।

Opinion @ Social Network

धेरै जोगिएर हिड्नु छ तारिफको पुल मुनी
मतलबको नदी बगेको छ जहाँ बग्न र बगाऊन कुनै समय कुर्नुपर्दैन ।।

(अञ्जु पाण्डेको फेसबुक स्टाटसबाट https://www.facebook.com/xuchi.anjana.35)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

राजस्व बढाउन जनताको कर तिर्ने क्षमता बढाउनु आवश्यक

स्वयम्भुनाथ कार्की

असारमा बजेट सक्नै पर्दछ भन्ने सोचको अमिट छाप जनताको मनमा पसेको वा पसाइएको छ । असारमा नसकिएको बजेट फ्रिज हुन्छ र यस्तो हुनु ठीक होइन भन्ने गलत धारणा सबैजसोमा छ । जो रकम फ्रिज हुन्छ त्यो हावामा उठेर जान्छ वा त्यसै नास हुन्छ भन्ने गलत धारणाले असारे विकास फष्टाएको छ । त्यसैले खेर जाने रकमको केही त सदुपयोग भयो भनेर हतारहतारमा बजेट सक्न गरिने खर्चको विरोध गर्दैनन् जनता । उसै पनि अप्रत्यक्ष करको प्रचुरताले गर्दा राजस्वको रकम आफ्नो रगत पसिनाको कमाइ हो भन्ने कुरा याद नै हुँदैन । आफूले उपभोग गरेको हरेक वस्तु तथा सेवामा त्यसको मोलबाहेक अतिरिक्त रकम राजस्वमा गएको कुरा अपारदर्शी छ । उदाहरणको निमित्त केही वर्ष पहिले कुनै जलविद्युत् योजनाको निमित्त भनेर पेट्रोलियम पदार्थमा प्रतिलिटर पाँच रुपैयाँ तिरेको कति जनालाई जानकारी छ ।

हरेक वर्ष जेठको पन्मा बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ । असार मसान्त आर्थिक वर्षको अन्तिम दिन हो । त्यसको भोलिपल्ट अर्थात् साउने संक्रान्तिदेखि अर्को आर्थिक वर्ष प्रारम्भ हुन्छ । तर, पविर्तन भएका करका दरहरू बढाइएका भनेका करका दायराहरूमा भएको वृद्धि भने बजेट प्रस्तुत भएकै दिनबाट लागू हुने गर्दछ । यस्ता दर वा दायरा घटेकोमा त्यो पनि बजेट प्रस्तुत भएकै दिनबाट लागू भएको सुनिएको छैन । यो हेर्दा अन्यायपूर्ण लागे पनि बाँकीका डेढ महिनाभित्र हुनसक्ने आर्थिक चलखेलले पैदा गर्ने वा गर्न सक्ने आर्थिक अस्थिरता या गड्बडी रोक्न आवश्यक कदम हो । करिब वैशाखबाटै निर्धारित बजेट जसरी भए पनि खर्च गरिसक्ने हुट्हुटी अनि उद्योगी व्यापारीहरूले आगामी बजेटमा आफू अनुकूलका प्रावधान राखन गर्ने क्रियाकलाप सुरु हने गर्दछ । सुन्दा अतिशयोक्तिपूर्ण लागे पनि यसबेला सर्वसाधारण नागरिकहरूको निमित्त भने त्रासयुक्त नै हुन्छ । अब के दण्ड पाइने हो भन्ने डर नजानिँदो गरेर मनभित्र पसेको हुन्छ । राजश्वबाट प्रत्यक्ष ज्याला, तलब, सुविधा आदि पाउनेहरू भने यस बेलामा परीक्षा सकेर परिणाम पर्खेका विद्यार्थीको मनस्थितिमा हुन्छन् । अर्थात् आफूले पाउनेमा केही बढ्ने हो कि होइन, बढेमा कति बढ्ने हो भन्ने संशयमा । विभिन्न संगठन भने आफू सम्बन्धित क्षेत्रमा अनुकूलताको निमित्त दबाब सिर्जना गर्न व्यस्त हुन्छन् ।

राजनीतिकर्मी आफ्ना कृतार्थ पार्ने योजना बजेटमा सामेल गराउन दबाब दिइरहेका हुन्छन् । बन्द कोठाभित्र बाहिरी सम्पर्क तोडेर जिम्मेवारी पाएकाबाट बजेटको अन्तिम तर्जुमा हुन्छ भन्ने जनविश्वास चलिआएको छ । यो विश्वास नेपालमा बजेटको चलन सुरु भएदेखि सरकारले आर्जन गरेको भरोसामा आधारित हो तर केही यस्ता घटना उजागर हुँदैछन् जसले यो जनविश्वास हल्लाउँछ । केही अनधिकृत व्यक्तिहरूको पहुँच त्यस्तो निषेधित कोठामा भएका खबरहरू र त्यसको सफाइमा आउने गरेका अर्थमन्त्रीका स्प्रष्टीकरण नियमित हुँदै जाने हो भने सरकारले परम्परागतरूपमा आर्जन गरेको भरोसा गुमाउँदै जानसक्छ । बजेट प्रस्तुत भइसकेपछि त्यसमा छलफलको कर्मकाण्ड सुरु हुन्छ । सरकार पक्षका दलका सांसद प्रशंसाको पुल बाँध्न थाल्छन् । यस्तै विपक्षका सांसदहरू त्यसको खोइरो खन्न थाल्छन् । यो एक कर्मकाण्ड हो आफ्नो दलले निर्देशन गरेको कुरा उठाउनै पर्ने दलीय मान्यता छ । संसद्मा बहुमत प्राप्त दलको सरकार हुन्छ, अनि प्रस्ताव पारित हुन बहुमत चाहिन्छ । त्यसैले सुरुमै सरकारले पेश गरेको प्रस्ताव पारित हुने कुरा छर्लंग छ । त्यसैले बजेटका अन्य प्रावधानभन्दा आ-आफ्नो क्षेत्रमा परेका वा नपरेका योजनामा सांसदको ज्यादा रुचि हुने गर्दछ । सांसद सुविधा थपिने संशोधन हुनसक्छ । केही योजनामा संशोधन हुनसक्छ । तर, आमजनतालाई असर पार्ने गरेर बढाइएका करका दरहरू, करका दायरा भने जस्ताको तस्तै पारित हुन्छन् । अपवादबाहेक कुनै पनि सांसदले ती बढोत्तरीहरूले आमजनताको हितमा छैन भन्ने साहस नै गर्दैन । असारमा बजेट सक्नै पर्दछ भन्ने सोचको अमिट छाप जनताको मनमा पसेको वा पसाइएको छ । असारमा नसकिएको बजेट फ्रिज हुन्छ र यस्तो हुनु ठीक होइन भन्ने गलत धारणा सबैजसोमा छ । जो रकम फ्रिज हुन्छ त्यो हावामा उठेर जान्छ वा त्यसै नास हुन्छ भन्ने गलत धारणाले असारे विकास फष्टाएको छ । त्यसैले खेर जाने रकमको केही त सदुपयोग भयो भनेर हतारहतारमा बजेट सक्न गरिने खर्चको विरोध गर्दैनन् जनता । उसै पनि अप्रत्यक्ष करको प्रचुरताले गर्दा राजस्वको रकम आफ्नो रगत पसिनाको कमाइ हो भन्ने कुरा याद नै हुँदैन । आफूले उपभोग गरेको हरेक वस्तु तथा सेवामा त्यसको मोलबाहेक अतिरिक्त रकम राजस्वमा गएको कुरा अपारदर्शी छ । उदाहरणको निमित्त केही वर्ष पहिले कुनै जलविद्युत् योजनाको निमित्त भनेर पेट्रोलियम पदार्थमा प्रतिलिटर पाँच रुपैयाँ तिरेको कति जनालाई जानकारी छ । अहिले पनि पूर्वाधार दस्तुर भनेर थप रकम भएको वा नभएको कुरा अपारदर्शी नै छ ।

फ्रिज भएको भनिएको रकम हावामा उडेर जाने होइन त्यो सर्वसञ्चित कोषमा तानिने हो । अनि त्यो बचत भएको रकम अर्को वर्षको राजस्वमा थपिने हो । जसरी आफ्नो खर्चमा केही बचत भएर वा सोचेको खर्च गर्न नसकेर जम्मा भएको रकम अर्को काममा खर्च गर्न सकिन्छ त्यस्तै राजस्वमा पनि हो । यो फ्रिजले गरेको बचतले अर्को वर्षको राजस्वको भार त्यति नै मात्रामा कम गर्दछ अर्थात त्यति कर उठे पनि हुन्छ । यस्ता खर्च हुन नसकेर सर्वसञ्चित कोषमा तानिने रकमले आमजनताको गोजीमा पर्ने केही भार कम गर्न सक्छ । बजेट सक्ने आन्दधुन्द गरिने खर्च रोक्न सर्वसाधारण लागिपरेमा त्यसमा सर्वसाधारणलाई नै प्रत्यक्ष लाभ पुग्न जान्छ । यो चेत सर्वसाधारणमा आउन आवश्यक छ । बजेट ढिलो निकासा भएर असारे विकास बढेको भन्ने मान्यताले छिटो निकासा गर्न सकियोस् भनेर जेठ १५ मै बजेट ल्याउने संवैधानिक प्रबन्ध गरेको पनि दशक हुनै लागेको छ । के यसले केही सुधार भयो त भनेर चर्चा सुरु गर्न अबेर हुनै लागेको छ ।

हरेक वर्ष करका दर अनि दायरामा परिवर्तन गर्दै जानु सरकारको विवशता हुन सक्छ । किनभने हरेक वर्ष सरकारको खर्चमा बढोत्तरी हुँदै गएको छ । बजेटको ठूलो भाग तलबभत्तामा जाने गर्दछ, त्यसपछि वित्तीय व्यवस्था भनिने गरेको शीर्षकमा गरिने वैदेशिक ऋणका किस्ता अनि व्याजमा जाने गर्दछ । तलबभत्तामा नियमित वृद्धि गर्नुपर्ने दबाबमा सरकार हुन्छ । आन्तरिक स्रोतले साधारण खर्च पनि धान्न नसक्ने अवस्थामा मुलुकको अर्थतन्त्र पुगेको छ । त्यसैले वैदेशिक ऋण लिनै पर्ने विवशता छ । त्यसैले त्यो खर्च पूरा गर्न जनतालाई दर, दायरा आदिको नाममा थप आर्थिक बोझ थप्नै पर्ने अवस्था छ । यी कुराहरू हरेक बजेटपछि सञ्चारमाध्यमा गरिने अर्थविज्ञ, आर्थिक सरोकारवालासँगको छलफलमा आउने गर्दछ । अनेकौं सूचकांक जटिल शब्दावली प्रयोग गरेर गरिने यस्ता छलफलहरूले मुलुकको अर्थतन्त्र सुधारतर्फ केही योगदान गरेको छ वा छैन भन्ने प्रश्न अनुत्तरित छ । अर्थजगतका घाघडानको आ-आफ्नै मतहरू होलान्, आ-आफ्नै विद्वता होलान् तर त्यस्ता घाघडानहरूले आफ्नो घर चलाउनेहरूको अनुभवबाट केही सूचकांक लिएका छन् त ? लैगिंक कुरा होइन तर अपवादबाहेक घर गृहिणीहरूले चलाउने गरेका हुन्छन्, अर्थात् महिलाहरूले । धेरै कम अझ भन्ने हो भने नगन्य गृहिणीहरूले मात्र अर्थशास्त्र पढेका होलान् । अर्थशास्त्रको औपचारिक ज्ञानको अभावमै उपलब्ध साधनस्रोत परिचालन गरेर आवश्यक खर्च धानेर घर चलाउने गृहिणीहरूको अनुभव, कौशल अनि सीपको महत्व कम छैन । उसै पनि अर्थतन्त्रको सबैभन्दा तलको अर्थात जगको एकाइ घर नै हो । त्यसैले उनीहरूको सिमित साधनस्रोतमा घर चलाउने कौशलमा लुकेको अपरिभाषित सिद्धान्तको परिभाषा र व्याख्या खोज्न पनि अर्थजगतका घाघडानहरूको ध्यान जानु आवश्यक छ । घर आवश्यकतालाई क्षमताको आधारमा वर्गीकरण गर्ने, कटौती गर्ने वा थप्ने अनि क्षमतावृद्धि गर्ने वा गर्न प्रयत्न गर्नेजस्ता कुराहरू स्वभाविक रूपमै प्रयोग भइराखेको हुन्छ । बजेट बनाउने आवश्यकता पनि यसै कामको निमित्त हो भनेमा त्यो अतिशयोक्ति हुँदैन ।

करको दर, दायरा बढाउनु सहुलियतको बाटो होला तर यसले जीवनयापन महँगो बन्दै जान्छ । जति जीवनयापन महँगो बन्छ त्यति नै कर्मचारीहरूको तलबभत्ता बढाउनुपर्ने हुन्छ । यसले फेरि खर्च बढाउँछ अनि त्यसलाई पूरा गर्न फेरि करबाट हुने आम्दानी बढाउनुपर्दछ । त्यो भनेको फेरि दर या दायराको नाममा जनताको गोजी खाली गर्ने वर्तमान उपाय हो । यसले पुनः महँगी बढ्छ अनि फेरि त्यही प्रक्रिया चल्छ । यो अन्त्यहीन चक्रले अन्त्यमा जनताले थाम्न नसक्ने बोझ बनाउँछ । इतिहास साक्षी छ यस्तै अवस्थाले ज्यादाजसो विद्रोह भएका छन् । यो ओह्रालो लाग्ने चक्र तोडिन आवश्यक छ । त्यसको निमित्त जनताको कर तिर्ने क्षमता वृद्धि गर्नु नै एक उपाय हो । साथै क्षमताको दायरामा खर्चलाई ल्याउनु अत्यन्त जरुरी छ । दर दायरा केही परिवर्तन नै नगरी राजस्व बढाउन सकिन्छ । त्यसको निमित्त जनताको कर तिर्ने क्षमता बढाउने नीति लिन आवश्यक छ । बैंकलगायत वित्तीय संस्थानहरूको लगानीको प्राथमिकता उत्पादनमुखी काममा होस् ।

अनावश्यक राजनीतिक अभिष्ट आधारित योजना परियोजनाहरूमा राज्यको खर्च कटौती होस् भन्ने कुरा सोचिन आवश्यक छ । राज्यबाट दिइने अनुदानले वस्तु वा सेवाको मूल्यमा कमी आउन सकेन भने त्यसलाई नैतिक भ्रष्टाचार मानिनु पर्दछ । यो अपराध लिनेले भन्दा दिनेले गरेको हुन्छ । स्वरोजगारलाई प्रोत्साहन, प्रवर्द्धन आदि गरेर त्यसतर्फ आकर्षण बढाउनाले पनि जनताको कर तिर्ने क्षमता बढ्ने हुन्छ । जीवनयापनको खर्चलाई स्थिर राखेमा तलबभत्ता वृद्धि गरिराख्न आवश्यक पर्दैन । यो शाश्वत सत्यलाई अंगीकार नगरेमा मुलुक छिट्टै आर्थिक रूपमा विफल राष्ट्र हुने खतरा छ ।

-इहिमालय टाइम्स डटकम

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ।
वृष : मन खिन्न हुनेछ । बन्न लागेको काम बिग्रन सक्छ सजग रहनुपर्नेछ ।
मिथुन : कुनै कुराले मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ।
कर्कट : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ ।
सिंह : सामाजिक क्षेत्रबाट सम्मान मिल्नेछ । आफूलाई मन लागेको कुरा खरिद गर्न सकिन्छ।
कन्या : आज शुभकार्यको चर्चा चल्नेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन् ।
तुला : हर्षका बीचमा समय व्यतीत हुनेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ ।
वृश्चिक : आफन्तको सहयोग पाइनेछ। मित्रताको बन्धन कसिने बेला छ ।
धनु : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ।
मकर : जटिल काम सम्पादन हुनेछ । विवाद र प्रतिस्पर्धामा सफलता मिल्नेछ।
कुम्भ : अवसरले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउनेछन् ।
मीन : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ।

बुटवलका सामुदायिक विद्यालयको लोभलाग्दो प्रगति, निजीलाई चुनौती



व्यवस्थित कक्षाकोठा । सुविधा सम्पन्न पुस्तकालय र विज्ञान प्रयोगशाला । त्यसमाथि स्तरीय खेल मैदान । रुपन्देहीको बुटवल उपमहानगरपालिका ११ स्थित नहरपुर माविको परिचय हो यो । केही वर्ष अघिसम्म शैक्षिक वातावरण ध्वस्त रहेको यो सामुदायिक विद्यालयले यति बेला स्तरीय पाठनपाठनसहित भौतिक प्रगतिमा फड्को मारेको छ । पुरानो र जीर्ण भवन विस्थापित गरेर अहिले भव्य र आकर्षक भवन निर्माण गरिएको छ । व्यवस्थित भौतिक पूर्वाधारसँगै विद्यालयको शैक्षिक गुणस्तरमा पनि सुधार भएपछि विद्यार्थी र अभिभावक उत्साहित भएका छन् । विद्यालयका प्राचार्य धनीश्वर गौतमले आफूहरूमाथि चुनौती थपिएको र शैक्षिक गुणस्तर कायम गर्न थप मिहिनेत गरिरहेको बताए । शैक्षिक गुणस्तर राम्रो हुन थालेपछि नहरपुर मावि विद्यार्थीको रोजाइमा पर्न थालेको छ । जसका कारण क्रमश: विद्यार्थीको संख्या बढ्न थालेको छ । पछिल्ला ४ शैक्षिक सत्रमा विद्यार्थीहरूको संख्या वार्षिक एक सयको हाराहारीमा वृद्धि भएको विद्यालयले जनाएको छ । शैक्षिक सत्र २०७६ मा १ हजार विद्यार्थीहरू रहेको विद्यालयमा अहिले १४ सय पुगेका छन् । कक्षा ११ र १२ पनि गत वर्ष शिक्षा संख्यामा एक सेसन थप गरेर पठनपाठन गराइएको छ । उक्त विद्यालयको पूर्वाधार विकासमा बुटवल उपमहानगरपालिका सँगसँगै प्रदेश र संघीय सरकारले लगानी गरेका छन् । गत वर्ष सैंघ सरकारले ५० लाख र प्रदेश सरकारले ५० लाख रुपैयाँ भवन निर्माणमा लगानी गरेका थिए । यस्तै भारतीय दूतावासको सहयोगमा ४ करोडमा भवन निर्माण हुँदैछ ।

यस्तै उपमहानगरपालिकाको १५ लाख लगानीमा अहिले विद्यालय हाताभित्र टायल मार्बल लगाउने काम भइरहेको छ । यसअघि उपमहानगरपालिकाकै ३६ लाख रुपैयाँ लगानीमा सभा हलको ट्रस्ट राख्ने काम भएको थियो । नहरपुर मावि एक उदाहरण मात्रै हो, बुटवलका अरू सामुदायिक विद्यालयको पूर्वाधार विकास र शैक्षिक गुणस्तरमा निकै सुधार आएको छ । यसैको अर्को उदाहरण हो बुटवलको कान्ति मावि । सो विद्यालयले पनि दिनप्रतिदिन शैक्षिक प्रगति गरिरहेको सरोकारवालाको भनाइ छ । बुटवल–५ मा रहेको कान्ति माविमा अहिले ५ हजार ३ सय विद्यार्थी अध्ययन गर्छन् । यस वर्ष गत वर्षभन्दा एक हजार विद्यार्थी बढेको प्राचार्य गोविन्द ज्ञवालीले बताए । दक्ष जनशक्ति, आवश्यक भौतिक संरचना र नतिजामा सुधारले विद्यार्थीको चाप बढेको उनको भनाइ छ । विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष हेमानन्द शर्माका अनुसार विद्यालयको छात्रावास सहितको भवन निर्माणको लागि सैंघ र प्रदेश सरकारले २० करोड लगानी गरेका छन् । यो भवन बनेपछि पठनपाठन र छात्रावास व्यवस्थापन गर्न सजिलो भएको उनको भनाइ छ । उपमहानगरपालिकाले विज्ञान प्रयोगशालाको लागि ७ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । यस्तै नगरपालिकाले छुट्याएको ५ लाख बजेटमा बगैंचा निर्माणको काम सम्पन्न भएको छ । तीनै तहका सरकारको समन्वयमा भएको बजेट परिचालनले विद्यालयको पूर्वाधार विकास राम्रो भएको छ । लुम्बिनी प्रदेश सरकारले यो विद्यालयलाई विज्ञान नमुना विद्यालय बनाउने घोषणा गर्दै बजेट विनियोजन गरेको छ । सामुदायिक विद्यालयमा विज्ञान पढ्ने छात्रालाई प्रदेश सरकारले मासिक एक हजार रुपैयाँ छात्रवृत्ति दिन्छ । जुन छात्रवृत्तिले छात्रालाई विज्ञान पढ्न आर्कषित गरेको छ । कुनै बेला विद्यालयको भवन भनेको टिनको छाप्रो रहेको नवीन औद्योगिक कद्दरबहादुर रिता माविले पनि अहिले मुहार फेरेको छ । राम्रो पूर्वाधार विकास गर्न सफल यो विद्यालयको शैक्षिक गुणस्तर पनि अब्बल बन्दै गएको छ ।

निजीलाई थपियो चुनौती

यहाँका सामुदायिक विद्यालयको गुणस्तर सुधार भएपछि निजी बोर्डिङ स्कुललाई चुनौती थपिएको छ । निजी स्कुल छाडेर सामुदायिकमा आउनेहरू बर्सेनि बढिरहेका छन् । 'विद्यार्थीको चाप बढिरहेको छ, अहिले चाप अनुसार विद्यार्थी भर्ना गर्न हम्मे हम्मे परिरहेको छ, रिता माविका प्राचार्य प्रेमबहादुर बस्नेतले भने । बस्नेतका अनुसार विद्यालयमा कक्षा ८ देखि सिभिल इन्जिनियरिङ पढाइ हुन्छ । कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन, होटेल व्यवस्थापन, कानुन र शिक्षा शास्त्र संकायमा विद्यार्थीले पढ्न पाउँछन् । विद्यालयमा स्टाफ नर्सको व्यवस्थाले विद्यार्थीको आकस्मिक उपचारमा सहयोग पुगेको छ । कक्षा ८ को प्राविधिक कक्षामा पढ्छिन् कविता खड्का । उनले कक्षा ७ सम्म स्थानीय एक बोर्डिङ स्कुल पढेकी थिइन् । प्राविधिक पढ्ने रुचिले उनी यहाँ कक्षा ८ मा भर्ना भएकी हुन् । 'विद्यालयको वातावरण राम्रो छ । प्राविधिक शिक्षा पढ्दा घरमा पनि अभिभावक खुसी हुनुहुन्छ,' उनले भनिन् । नवीन औद्योगिक कद्दरबहादुर रिता माविको शैक्षिक सुधारका लागि 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम'अन्तर्गत ४५ लाख रुपैयाँ आउने निश्चित भएको छ । विद्यालयमा अहिले ४ वटा कोठा र एउटा शौचालय निर्माणको काम भइरहेको बस्नेतले बताए । 'बर्सेनि पूर्वाधार विकासलाई जोड दिइरहेका छौं', प्राचार्य बस्नेतले भने । उनका अनुसार अहिले कुल ९ करोड रुपैयाँको लागतमा भवन बन्दै छ । त्यसमध्ये प्रदेश सरकारको २ करोड रुपैयाँको बजेटमा काम भइरहेको छ । बुटवल उपमहानगरपालिका भित्रै पर्ने अर्को सामुदायिक विद्यालय हो, कालिका मानविज्ञान माध्यमिक विद्यालय । यो देशकै सबैभन्दा धेरै विद्यार्थी भएको विद्यालय पनि हो । भौतिक पूर्वाधार र शैक्षिक गुणस्तरले यो विद्यालयलाई सरकारले नमुना विद्यालय घोषणा गरेको छ । कक्षा ११ र १२ मा यहाँ शिक्षा, विज्ञान, कानुन, प्राविधिक शिक्षा र व्यवस्थापन संकायमा पठनपाठन हुन्छ । वि.सं. २०७५ मा बुटवल-१० को मानव ज्ञान मावि कालिका माविसँग गाभिएको थियो । अहिले विद्यालयमा आठ हजार विद्यार्थी पढ्छन् । 'हामी विद्यार्थीलाई पढाउने भन्दा पनि आफै सिक्न प्रेरित गर्छौं र प्रोजेक्ट कार्यमा विशेष जोड दिन्छौं । यही नै हाम्रो सफलताको आधार हो', प्राचार्य दिनेश थापाले भने । कालिका माविमा विपन्न विद्यार्थीले नि:शुल्क खान र छात्रावासमा बस्न पाउँछन् । तर सिट सीमित भएकोले छात्रावासमा विद्यार्थीको चाप थेग्न हम्मे हम्मे परेको प्राचार्य थापाले बताए । उपमहानगरपालिकाको शिक्षा शाखाका अनुसार बुटवलमा कुल ३९ सामुदायिक विद्यालयमध्ये २२ वटा माध्यमिक विद्यालय छन् । संस्थागततर्फ ५९ वटा विद्यालयमध्ये ४९ वटा मावि विद्यालयहरू रहेका छन् । ती विद्यालयको शैक्षिक गुणस्तर बढाउन अभियानको रूपमा काम गरिएको शिक्षा शाखा अधिकृत यादव विष्टले बताए । उनका अनुसार बुटवलमा सामुदायिक र संस्थागत गरी ५५ हजार ७ सय २७ विद्यार्थी अध्ययनरत छन् । यसमा सामुदायिक तर्फ २५ हजार ९०३ र संस्थागत तर्फ २९ हजार ८२४ विद्यार्थी रहेका छन् । बुटवलका सामुदायिक विद्यालयको गुणस्तर वृद्धि अरूको लागि प्रेरणादायी भएको रुपन्देहीका पूर्व जिल्ला शिक्षा अधिकारी टेक बहादुर थापाले बताए । बुटवल उपमहानगरपालिकाले कुल बजेटको १५ प्रतिशत शिक्षामा विनियोजन गर्दै आएको छ । उपमहानगरपालिकाले प्रदेश र सैंघ सरकारले शैक्षिक गुणस्तर बढाउन चालेका कदमलाई बल पुग्ने गरी शिक्षा नीति तयार गरेको छ । उपमहानगरपालिका माध्यमिक शिक्षा शाखा प्रमुख टिकाराम पन्थीको भनाइमा सबै विद्यालयको भौतिक पूर्वाधार विकासमा जोड दिइएको छ । यस्तै दक्ष जनशक्तिको प्रबन्ध गर्न प्राथमिकता दिइएको छ भने विद्यार्थीका लागि एकै खालको पोसाकको व्यवस्था गरिएको छ । शैक्षिक गुणस्तर वृद्धिको अभियानअन्तर्गत अब अब्बल शिक्षकले कुनै एक विद्यालयमा मात्र नभई नगरका आवश्यक पर्ने सबै विद्यालयमा पुगेर पठनपाठन गराउनुपर्ने व्यवस्था मिलाइएको छ । यसले शैक्षिक गुणस्तर विकासलाई प्रभावकारी बनाउँदै लगेको पन्थीले बताए ।

बुटवलमा स्थानीय पाठ्यक्रममा आधारित स्थानीय पाठ्यपुस्तक 'हाम्रो बुटवल' कक्षा १ देखि ८ सम्म लागू भएको छ । शैक्षिक स्तर वृद्धिका लागि उपमहानगरको सहयोगमा सामुदायिक विद्यालयमा विज्ञान र कम्प्युटर प्रयोगशाला तयार भएका छन् । शैक्षिक गुणस्तर विकासबाटै दक्ष जनशक्ति उत्पादन हुने र त्यसबाटै समुन्नत बुटवलको अवधारणालाई साकार पार्न सहज हुने प्रमुख खेलराज पाण्डेयले बताए । उपमहानगरपालिका सबै विद्यालयमा कुनै न रूपमा बजेट छुट्याएर काम गरेको छ । लक्ष्मी मावि, नयाँ गाउँ मावि, मोतीपुर मावि, भवानी मावि र अमर माविमा विज्ञान प्रयोगशाला र कम्प्युटर तथा सूचना प्रविधि व्यवस्थापन कक्ष सञ्चालन भएका छन् । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत बजेट लागि प्रत्येक वर्ष सिफारिस गर्ने काम गरेको थियो । अहिले पनि ६ वटा विद्यालयमा त्यसको लागि बजेट विनियोजन भएको छ । यो वर्ष गत वर्षभन्दा शिक्षामा बजेट बढाउने गरी काम गर्ने प्रमुख पाण्डेयले जानकारी दिए । यस क्षेत्रका सामुदायिक विद्यालयको भौतिक पूर्वाधार र गुणस्तरमा प्रगति देखिएपछि अभिभावक पनि उत्साहित छन् । लक्ष्मी माविकी अभिभावक सीता थापाले उपमहानगरपालिकाले सबै विद्यालयको अवस्था र आवश्यकता बुझेर राम्रो लगानी गरेको बताइन् । उपमहानगरका शिक्षा तथा स्वास्थ्य महाशाखा प्रमुख उपसचिव मित्रमणि खनालको भनाइमा उपमहानगरपालिले २०७६ सालदेखि ०८१ सम्म लागि लिएको शिक्षा रणनीति महत्त्वपूर्ण रहेको छ । विद्यालय सुधार गर्नको लागि भौतिक लगानीसँगै धेरै नीतिगत निर्णय भएका छन् । जसले विद्यालयको गुणस्तर बढाउन बल पुगेको उनले बताए । उनले विद्यालयका शिक्षक, कर्मचारी तथा बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको तलब तथा भत्ता मासिक रूपमा भुक्तानी गर्ने लगायतको परिवर्तन पनि सुरु गरिएको बताए ।

-रातोपाटी डटकम

कृषिमा पुनर्जागरणको खाँचो

डा. शान्तिकृष्ण अधिकारी

प्राध्यापक र शिक्षकले राजनीति गर्न हुने र नहुने सन्दर्भको चर्चा बेलाबेलामा उत्कर्षमा पुग्ने गर्दछ र कुनै टुंगोमा नपुगी सेलाउने गर्दछ । गत आमनिर्वाचनका बेलामा निर्वाचन आयोगले कुनै पनि राजनीतिक दलका सभा, समारोह, कार्यक्रममा सहभागी नहुन र कुनै पनि उम्मेदवारका पक्ष तथा विपक्षमा नउभिन वा प्रचारप्रसार नगर्न प्राध्यापक र शिक्षकहरूलाई उर्दी जारी गरेपछि व्यापकता लिएको यो प्रसंग निर्वाचन सकिएसँगै हराएको थियो । अहिले फेरि एकाएक विश्वविद्यालयमा र विद्यालयहरूमा बढेको दलीयकरणका बारेमा बहस आरम्भ हुनपुगेको छ । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले केही दिनअघि सम्पन्न एक कार्यक्रममा राजनीतिक दलका झोला बोकेर प्राध्यापकहरू विश्वविद्यालयमा र शिक्षकहरू विद्यालयमा छिर्न पाइँदैन भन्ने अभिव्यक्ति दिएसँगै प्राध्यापक र शिक्षकहरूको राजनीतिमा सहभागिता सन्दर्भको बहस चुलिएको छ । सहायक क्याम्पस प्रमुख समेत कुन दलको भन्ने भागबण्डामा विश्वविद्यालय रुमल्लिने गरेको विकृतिलाई उनले खरो टिप्पणी गरेका थिए । विद्यार्थी राजनीतिबाट उदाएका नेता थापाको दृष्टि यतातर्फ आकर्षित हुनुलाई स्वागतयोग्य मान्नुपर्दछ र अब यो पद्धति रूपान्तरणमा उनको सक्रियता प्रष्टरूपमा देख्न पाइनेछ भन्ने आशा पनि गर्नुपर्दछ । त्यसैले महामन्त्री थापाको यही टिप्पणीलाई सम्बोधन गर्दै काठमाडौं महानगरका मेयर बालेन शाहले पनि तत्कालै ट्विट गरे-'माननीय गगन थापाज्यू, दलको हिजो एक कार्यक्रममा झोला बोकेर प्राध्यापक, कर्मचारी र विद्यार्थी विश्वविद्यालय छिर्न पाइँदैन भनेर त भन्नुभयो, नेपाली कांग्रेसका महामन्त्रीज्यूले नै भनेपछि काठमाडौं महानगरभित्रका सबै विद्यालय, शिक्षण संस्था, कार्यालय सबैतिर कांग्रेस पार्टीको कुनै पनि भ्रातृ संगठन नभएको घोषणा गर्दछौं । बोलेको कुरा पूरा गर्नुहोला माननीयज्यू ।' माननीय गगन थापाको भनाइ र मेयर बालेनको टिप्पणी कति सही र सान्दर्भिक छ भन्ने बहस चल्दै जाला तर यसले विश्वविद्यालय र शिक्षण संस्थाहरूलाई दलीयकरणबाट मुक्ति दिलाउने प्रयास सबैबाट हुन जरुरी छ भन्ने सन्देश प्रवाह हुन पुगेको छ ।

अहिलेको समाजले राजनीतीकरण र दलीयकरणलाई एउटै डालोमा हाल्ने गरेको पाइन्छ । राजनीति भनेको सुधारका लागि गरिने प्रयास हो । गलत अभिप्राय, खराब मार्ग र निहित स्वार्थको बाटो राजनीतिले कहिल्यै रोज्दैन । असल उद्देश्य र उचित परिणामका लागि गरिने काम मात्रै राजनीति हुन सक्दछ । दलगत स्वार्थका लागि वर्तमानमा विश्वविद्यालय र विद्यालयमा हुने गरेका गलत क्रियाकलाप किमार्थ राजनीति हुन सक्दैनन् । स्वार्थगत अभिप्रायले भएका दल र दलहरूका भ्रातृ संगठनहरूका संस्था विनाशमा सहयोगी कार्यहरू दलीयकरणअन्तर्गत राख्नुपर्दछ । अहिलेका शैक्षिक संस्थाहरूलाई तहसनहस बनाएको राजनीतिकरणले होइन, दलीयकरणले हो । योग्य होइन कि आफ्नै दलको मान्छे चाहियो भन्दै हुने गरेका तालाबन्दीले शिक्षाक्षेत्र बिग्रँदै गएको छ । लोकतन्त्रका बारेमा पढाइ हुने ठाउँ विश्वविद्यालय नै हो । कम्युनिज्म के हो र यसका फाइदा बेफाइदा के के छन् भनेर पढाउने विश्वविद्यालयहरूमा नै हो । सरकारले चालेका कदम र ती कदमहरूले मुलुकलाई पुऱ्याउन सक्ने योगदान र घाटाका सन्दर्भमा चर्चा परिचर्चा गर्ने प्राध्यापक र विश्वविद्यालयका विद्यार्थीहरूले नै हो । मुलुकमा विकसित घटनाक्रमको सूक्ष्म अध्ययन गर्दै सरकारले अपनाउनुपर्ने नीति र कार्यान्वयन प्रक्रियाका बारेमा दिग्दर्शन गर्न सक्नुपर्ने विश्वविद्यालयहरूले नै हो । मुलुकको संविधान, ऐन, कानुन र नियमहरूलाई पालन गर्दै सरकार अघि बढ्दा प्रोत्साहन गर्ने र नियम कानुन मिच्ने काम सरकारबाट भए खबरदारी गर्ने भनेको बुद्धिजीवीहरूले नै हो । त्यसैले राजनीतिक बहसको केन्द्रविन्दु विश्वविद्यालयहरू नै हुँदा शैक्षिक संस्थाहरू धराशायी भन्ने प्रश्न उठ्न सक्दैन । नेपालमा भने त्यसको ठीकविपरीत प्राध्यापक, शिक्षक, शैक्षिक संस्थाहरूमा संलग्न कर्मचारी र विद्यार्थीहरू दलीय स्वार्थमा केन्द्रित हुने गरेकाले एकातिर शैक्षिक संस्थाहरू ध्वस्त हुँदै गएका छन् भने अर्कोतिर विशुद्ध अध्ययन अध्यापन र अनुसन्धानमा संलग्न हुने प्राध्यापक र शिक्षकहरूले समेत अपमान व्यहोर्न परेको छ । गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने संस्थाहरू प्रमाणपत्र वितरण गर्ने निकायमा मात्र सीमित हुन पुगे झैं देखिएको छ । सत्तासमीकरणमा राजनीतिक दलहरू अल्झिए झैं पठनपाठन र अनुसन्धानमा केन्द्रित हुनुपर्ने विश्वविद्यालयहरूका कामकाज पदाधिकारीको भागबण्डामा सीमित भएको अनुभूति सर्वत्र गरिन थालेको छ ।

संस्थाहरू लोकतन्त्रका गहना हुन् । लोकतन्त्रले संस्थाहरूको अपेक्षा गर्दछ र संस्थाहरू असल परिणामका लागि सक्रिय भएको देख्न चाहन्छ । संस्थाहरू बिनाको तानाशाही वा एकतन्त्रात्मक शासनको अपेक्षा लोकतन्त्रमा गरिएको हुँदैन । मूल संस्थाभित्र त्यसलाई सहयोग गर्न विभिन्न स-साना संस्थाहरू रहेका हुन्छन् र सबैको उद्देश्य मूलसंस्थाको उन्नयन रहनुपर्दछ तर प्रत्येक संस्था मूल उद्देश्यबाट विचलित भई दलीयकरणतर्फ उन्मुख हुनु र हड्ताल र तालाबन्दीका लागि खडा गरिएका जस्ता देखिनुले नेपालको लोकतान्त्रिक प्रणालीमाथि नै प्रश्न उठाइने गरिएको छ । विश्वविद्यालयहरू भित्र प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूका आ-आफ्नै संगठनहरू छन् । यी सबै संगठनहरूको प्रमुख उद्देश्य विश्वविद्यालयको गुणस्तर वृद्धि रहनुपर्नेमा अन्यत्रै मोडिँदै जानाले संगठनहरूका क्रियाकलापमाथि प्रश्न उठेको मात्रै छैन कि संगठनहरूको अस्तित्व नै राख्न नहुने भन्नेमा व्यापक आवाज उठेको छ । अब संगठनहरू विश्वविद्यालयमा रहने हो भने सुनु पर्दछ होइन भने सबै राजनीतिक दलहरू एकमत भएर विश्वविद्यालयलाई संगठनमुक्त बनाउन कम्मर कस्न ढिलो भइसकेको महशुस सबैलाई भएको छ । मान्छे भएपछि अवश्यै कुनै न कुनै सिद्धान्त, विचार र आदर्श बोकेकै हुन्छ । मानिसमा उत्पन्न विचारले कसैलाई लोकतन्त्रवादीको पहिचान दिलाएको हुन्छ भने कसैलाई वाममार्गी बनाएको हुन्छ । कोही समाजवादी हूँ भन्न रुचाउँछ भने कसैले साम्यवादी हूँ भन्दा गर्व गर्दछ । कोही उदारवादी हुन सक्दछ त कोही अनुदारवादी । मानव जातिमै पर्ने प्राध्यापक र शिक्षक पनि यस्तै कुनै न कुनै विचार बोकेकै हुन्छ । विचारविहिन प्राध्यापकको परिकल्पना गर्नै सकिँदैन । त्यसैले कुनै एक विचार बोक्यो भन्दैमा प्राध्यापक र शिक्षकलाई भए नभएका आरोप लगाउने प्रचलन बढ्दै गएको छ र यसलाई पनि सहसा स्वीकार गर्न गाह्रै पर्दछ । प्राध्यापकले विचारका आधारमा विद्यार्थीका बीचमा विभेद सिर्जना गऱ्यो भने त्यस्ता प्राध्यापकलाई कारबाही गर्नैपर्दछ । शिक्षकले आस्थाका आधारमा विद्यार्थीलाई दिने नम्बरमा तलमाथि गऱ्यो भने त्यो शिक्षकलाई अपराधीसरह कारबाही गर्नै पर्दछ । राजनीतिक दलको झण्डा बोक्न गएर कक्षामा नियमित उपस्थित हुनसकेन भने त्यस्ता प्राध्यापक र शिक्षक कारबाहीका भागी हुनै पर्दछ । क्याम्पस या विद्यालयका समयमा अन्यत्रैका राजनीतिक कार्यक्रमहरूमा सहभागी हुनेहरूले अब मुक्ति पाउन हुँदै हुँदैन । यस्ता कुराहरूमा अब बहस होइन कि निर्णय गर्ने नेतृत्वको आवश्यकता छ भन्ने कुरामा कुनै शंका छैन । विश्वविद्यालयका पदाधिकारीहरू दलका कार्यकर्ता हौं भन्न रुचाउनेहरू हुँदासम्म विश्वविद्यालयहरूले प्रगति गर्न सक्दैनन् भन्ने प्रमाणित भइसकेको छ । दलबाट नियुक्ति लिने र त्यही दलमा आस्था राख्ने नालायक र कमसल प्राध्यापकहरूलाई मात्र अवसर दिने पदाधिकारीहरूले विश्वविद्यालयहरू सुधार गर्न सक्दैनन् भन्नेमा पनि कुनै शंका छैन । विश्वविद्यालयहरूमा हराउँदै गएको ज्येष्ठता, वरिष्ठता र प्राज्ञिक प्रखरतालाई पुन: प्राथमिकतामा ल्याउने पदाधिकारीहरू आएनन् भने गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सक्दै सकिँदैन । त्यस्तै आफ्ना दलका मान्छे पदाधिकारीमा नआए तालाबन्दी गर्ने संघ संगठनहरू सक्रिय रहँदासम्म शैक्षिक संस्थाहरूले प्रगतिको बाटो समात्लान् भन्ने अपेक्षा पनि गर्न सकिँदैन । विश्वविद्यालयका सेवा आयोगहरूले योग्यलाई पन्छाएर राजनीतिक आस्थाका आधारमा अयोग्यलाई स्थान दिन थाले भने पनि विश्वविद्यालयहरू सुसञ्चालित हुन्छन् भन्ने कल्पना गर्न सकिँदैन । सेवा आयोगहरूले गरेका निर्णयमाथि त्यति धेरै प्रश्न उठाउने ठाउँ रहँदैन तर जानाजानी गल्ती गरिएको छ भने कारबाहीको व्यवस्था पनि हुनुपर्ने देखिन्छ ।

अंग्रेजी विषयको उपप्राध्यापक पदमा सयौंका बीचबाट छानिएको व्यक्तिले अंग्रेजीमा दुई वाक्य शुद्ध लेख्न नसक्ने पनि यदाकदा देखिने गरेको छ । नेपालीको उपप्राध्यापकमा चयन भएकोलाई चार लाइन लेख्नुभन्दा आठवटा गल्ती पाइने गरिएको पनि छ । संस्कृतमा एक अनुच्छेद लेख्न नसक्नेहरू पनि संस्कृत पढाउने प्रतियोगितामा अब्बल भनेर छानिएका उदाहरण पर्याप्त पाइन्छन् । यस्ता निर्णयलाई खारेज गर्दै यो प्रक्रियामा संलग्न हुने विज्ञहरूलाई समेत कारवाहीको व्यवस्था गर्नैपर्ने जस्तो देखिन थालेको छ । विश्वविद्यालयहरू सुधार गर्न गर्नुपर्ने विषय धेरै छन् । यस्ता सबै विकृतिको मूल दलीयकरण हो भन्नेमा कुनै बहस गर्नुपर्ने देखिँदैन । प्राध्यापकको आफ्नो राजनीतिक आस्था त होला तर त्यो आस्थालाई कुन मात्रामा कहाँ प्रयोग गर्ने भन्ने हेक्का प्राध्यापक स्वयंले राख्न सक्नैपर्दछ । त्यस्तै शिक्षकहरूले पनि आफ्नो सीमा आफैं तोक्न सकेनन् भने गुरु भनेर समय समयमा पूजन गरिने वर्ग अपमानको भूमरीमा फस्न पुग्दछ । यसैबीच पंक्तिकार पनि प्राध्यापक वर्गमा पर्ने भएकाले आफू कहाँ छु भन्ने पनि स्वमूल्यांकन गर्नै पर्दछ । विसं २०६८ मा नेपाल संस्कृत विश्वविद्यालय प्राध्यापक संघको केन्द्रीय सभापति हुँदा पदबहालीका अवसरमा विश्वविद्यालयमा कुनै पनि हालतमा तालाबन्दी गर्ने छैन भनेर घोषणा गरेको थिएँ र मेरो कार्यकालभरि त्यस्तो कार्य संघबाट गरिएन । आस्था मेरो पनि एउटा होला तर आस्था सम्बद्ध पार्टी संगको आबद्धता त्याग गरिसकेको छु । कक्षा, परीक्षा र विश्वविद्यालयीय कार्यहरूमा त्यसको झल्को आउन दिन हुन्न भन्नेमा सधैं सचेत रहँदै आएको छु । विकृति बढ्दै जाँदा प्राध्यापकले नेता भेट्नै हुन्न भन्ने भाष्य निर्माण गरिँदैछ । राजनीतिक दलको निम्तोमा प्राध्यापक सहभागी भए महापापै गरे जस्तो ठान्न थालिएको छ । प्राध्यापक भएर सबै काम छाडी दिनदिनै बिहानै नेताको चाकरीमा दौडनु चाहिँ आफ्नै मर्यादामा खलल पुऱ्याउनु हो तर नेता या दलले राजनीतिक, आर्थिक या सामाजिक या अरु कुनै सन्दर्भमा सल्लाह मागे भने उचित मार्गदर्शन गर्न सक्नु भने पर्दछ नै । दल र नेता भन्ने बित्तिकै प्राध्यापक र शिक्षकहरू चार कोस पर भाग्नुपर्छ भन्ने पनि होइन ।

-इहिमालय टाइमस डटकम

गाउँ–गाउँमा सरकारको...

...मानकुमारी कुमाल पनि वडाबाट भत्ता बुझ्न पाउँदा स्थानीय सरकार घर आँगनमै आएको जस्तो लागेको बताउँछिन् ।

‘भत्ता बुझ्नका लागि एक डेढ घण्टा हिंडेर बैंक जानुपथ्र्यो, बुढेसकालमा आउन जानै समस्या’ उनले भनिन्, ‘अहिले त गाउँपालिका र जनप्रतिनिधिले जेष्ठ नागरिकको मनको कुरा बुझेर होला वडाका गाउँबाटै भत्ता बुझ्ने व्यवस्था गरेका छन् ।’ गाउँपालिकाको चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण असार २३ देखि साउन ८ गतेसम्म जारी राखेको गाउँपालिकाका एमआईएस अपरेटर भोजराज भट्टराईले बताए । सामाजिक सुरक्षा भत्ता वितरणसँगै गाउँपालिकाले नि:शुल्क स्वास्थ्य परीक्षण कार्यक्रमलाई समेत निरन्तरता दिएको छ ।

आगामी दिनमा परिस्थितीलाई हेरेर गाउँपालिकाका केही सरकारी सेवा पनि स्थानीय पायक पर्ने ठाउँमै दिने योजना रहेको पालिकाले जनाएको छ ।

ललिता निवास प्रकरण...

...यो प्रकरणमा ५ पूर्वसचिवसहित ४ सयभन्दा बढी विरुद्ध पक्राउ पुर्जी जारी भइसकेको छ ।

विसं २०४९ देखि २०६९ सम्ममा सरकारको स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी भएको फेला परेपछि उक्त प्रकरणमा सिआइवीले अनुसन्धान गरिरहेको छ ।

यसअघि तीन सय जनालाई प्रतिवादी बनाएर ब्यूरोले जिल्ला सरकारी वकिलको कार्यालयमा रायसहितको प्रतिवेदन बुझाएको थियो । तर सरकारी वकिलको कार्यालयले थप अनुसन्धान गर्नुपर्ने जनाउँदै फाइल फिर्ता पठाएको थियो । त्यसपछि अनुसन्धान जारी रहेको बताए पनि थप प्रगति भएको थिएन ।

दुई वर्षअघि सरकारी कागजात किर्तेको आरोपमा अनुसन्धान अघि बढे पनि मुद्दा दायर हुन सकेन । त्यतिबेला रोकिएको फाइल अहिले आए अघि बढेको हो ।

हार्दिक बधाई तथा शुभकामना

Bhuwan Prasad Lamsal
GPA 3.90

यस **जनता माध्यमिक विद्यालय**बाट २०७९ सालको माध्यमिक शिक्षा परीक्षा (SEE) मा सहभागी भई उत्कृष्ट GPA सहित उत्तीर्ण हुन सफल मेधावी विद्यार्थीहरूलाई **हार्दिक बधाई** तथा **शुभकामना ज्ञापन** गर्दै उत्तरोत्तर उन्नति र प्रगतिको शुभकामना व्यक्त गर्दछौं । साथै उत्कृष्ट नतिजा ल्याउन समर्पित हुनुभएका शिक्षकहरू, कर्मचारी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ एवम् शुभेच्छुकहरूप्रति **हार्दिक धन्यवाद**का साथै **कृतज्ञता ज्ञापन** गर्दछौं ।

Niraj Pandey
GPA 3.85

Prasamsha Panthi
GPA 3.80

Sambridh Pokharel
GPA 3.80

Sampanna Aryal
GPA 3.80

Ankit Pokharel
GPA 3.75

Kamal Gaire
GPA 3.75

Sushant Pandey
GPA 3.70

Sauravi Panta
GPA 3.70

Khusi Gyawali
GPA 3.70

Kapil Kumal
GPA 3.68

Bikalpa Karki
GPA 3.65

Sushma Pokharel
GPA 3.65

Aayush Neupane
GPA 3.64

Deep Jung Rayamajhi
GPA 3.60

Sangam G.c.
GPA 3.60

Siddhata Nepal
GPA 3.60

Yogesh Budhathoki
GPA 3.60

AYUSH GAIRE	3.55
PURNIMA POKHREL	3.55
SAUGAT PANDIT	3.55
RIJAN NEUPANE	3.5
SALINA RANA	3.5
NIRUTA KUNWAR	3.45
SAGAR TIMALSENA	3.44
NABINA SURYABANSHI	3.4
ANISHA GHIMIRE	3.32
ANISHA RANA	3.3
NUTAN NEPAL	3.3
SAGARIKA NEPAL	3.3
AAYUSHMAN KHATI CHHETRI	3.25
AMISHA MAHATO	3.25
LAXMAN OLI	3.24
ANUKUL TIMILSINA	3.16
BIJAN TAMANG	3.16
ANSHU BAGALE	3.15
BIBASH SARU	3.15
JOSHANA GAHA	3.15
PUJA DHUNGANA	3.15
RACHANA BELBASE	3.15
SACHIN KARKI CHHETRI	3.15
SANJU GHARTI	3.15
SUMAN BHATTARAI	3.15
KARUNA BHANDARI	3.12
KRITIKA BAJRACHARYA	3.12
RIJAN GYAWALI	3.1
SOPHIYA RANA MAGAR	3.1
ANU GAUTAM	3.08
PHOEBE THAGUNNA	3.05
PRAGYA RANA	3.05
RANJIT DARLAMI MAGAR	3.05
SUSHMA BHANDARI	3.05
SHUSMA THADARAI	3.04
SAJANA GAHA	3
SACHIN GYAWALI	2.96
DIKSHYA NEUPANE	2.95
SANDESH SHRESTHA	2.92
BIDHYA PANDEY	2.9
BIJAY TAMANG	2.9
SONAM ALE	2.9
TASMITA SUNARI	2.9
RAMESH SARU	2.85
SHIVA SHRESTHA	2.85
AASHISH KUMAL	2.84
SHIVA KHATI	2.84
RUPAK ADHIKARI	2.8
SAMIKSHYA KARKI	2.8
SANDHYA SARU	2.8
SITAL DARLAMI	2.8
ASHIK RANA	2.8
BIPIN BISTA	2.76
MAHENDRA BISTA	2.76
MANOJ SHRESTHA	2.76
RESHAM B.K.	2.76
SALINA RASKOTI	2.76
KESHMA GHARTI	2.75
PRASHANT NEUPANE	2.75
SAKSHI G.R.	2.75
SARITA SHRESTHA	2.75
JUNA RUCHAL	2.72
GAURAB GIRI	2.7
SMARIKA RAI	2.7
PRABIN B.K.	2.68
MELINA SOMAI	2.65
PRASANNA ADHIKARI	2.65
SURAJ ROKAHA CHHETRI	2.65
AARATI BASHYAL	2.6
GITA SARU	2.6
PRATIKSHAYA DARLAMI	2.6
SUSHIL POKHAREL	2.6
KHUSHI GAHA	2.55
MADAN BAHADUR THAPA	2.55
PABITRA B.K.	2.55
SAHIL SARU	2.55
SUKANT BASHYAL	2.55
ANKITA BAGALE THAPA	2.5
BABITA GHIMIRE	2.5
BIBEK BK	2.5
BISHAL SARKI	2.5
DIPIKA PULAMI	2.5
SALINA JARGHA	2.5
AASHISH MIJAR	2.45
AKRITI SUNAR	2.45
POOJA ALE	2.45
YAMAN SURYABANSHI	2.45
YAMUNA THAPA	2.45
CHARLS RANA	2.4
SHAILESH KHATRI CHHETRI	2.4
UDIP JHENDI	2.4
DEEYA NEPALI	2.35
JAGRIT PALLI MAGAR	2.35
SABITA MALLA	2.35
AMIT RANA	2.3
BHIJAN GAHA THAPA	2.3
LUCKY BAJRACHARYA	2.3
UTKRISHTA SHRESTHA	2.3
MEDIKA SARTUNGE	2.25
SIMA RANA	2.25
BIPANA BHUJEL	2.2
NISCHAL SUNARI	2.2
SURAJ DARLAMI	2.2
AADITYA PUN	2.15
DHAN BAHADUR BARGHARE	2.15
KUSHAL THAPA	2.15
NISHCHAL PANDEY	2.15
GANGA BUDHA MAGAR	2.1
PRASHANT THAPA MAGAR	2.1
SANDESH JOGI KUNWAR	2.1
KUSUM RANA	2.05
MANIKA THAPA	2.05
POOJA DHENGA	2.05
SUNIL KAMI	2.05
AJAY SINGH PAL	2.05
LAXMAN RESHMI	2
NOYAN KUMARI THADA	2
BHUMIKA THAPA	1.95
BIJAYA THAPA	1.95
DEEPAK JARGA	1.95
ANSISH GHARTI MAGAR	1.9
ARUN JALARI	1.9
ASHOK PULAMI	1.9
BIKASH THADA	1.9
KIRAN PACHABHAIYA	1.9
NIRAJAN PAUDEL	1.9
ASHIKA PARIYAR	1.85
BABITA SARU THAPA	1.85
KHUM BAHADUR SURYABANSHI	1.85
MENUKA RANA	1.85
MOHIT GAHA	1.85
PURNA BAHADUR SURYABANSHI	1.85
SHAILESH ACHARYA CHHETRI	1.85
KUL BAHADUR GHARTI MAGAR	1.8
KUMAR BISHWOKARMA	1.8
ROSHAN BOTE	1.8
SIMANA SARU	1.8
SUMAN PULAMI	1.8
PUSHPA BASHYAL	1.75
HEMA RASKOTI	1.7
MILAN SARU	1.7
SANDESH GURUNG	1.7
SNEHA RANA	1.7
DHIRAJ SARU	1.65
SANGAM B.K.	1.65
BIBEK BISHWAKARMA	1.6
ELIS JHEDI	1.6

जनता माध्यमिक विद्यालय परिवार
तानसेन, पाल्पा

हार्दिक बधाई तथा शुभकामना

राहुल श्रेष्ठ
(GPA ३.८०)

यस पाल्पा आवासीय माध्यमिक विद्यालयको विगतदेखिको गौरवपूर्ण शैक्षिक इतिहासलाई निरन्तरता दिदैं **शैक्षिक शत्र २०७९ को एसईई** परीक्षामा उच्च ग्रेड ल्याई उत्तीर्ण हुन सफल सम्पूर्ण विद्यार्थीहरुमा **हार्दिक बधाई** तथा आगामी उच्च शैक्षिक सफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । साथै शैक्षिक उपलब्धि हासिल गर्न हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सल्लाह, सुझाव सहित सहयोग गर्नुहुने सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षाप्रेमी महानुभावहरु प्रति **हार्दिक आभार** व्यक्त गर्दछौं ।

स्वइच्छा अमात्य
(GPA ३.८०)

अमृत थापा
(GPA ३.७०)

अन्जन शाक्य
(GPA ३.५५)

अनिकेत गुप्ता
(GPA ३.३०)

करन वि.क.
(GPA ३.२५)

कुशल घिमिरे
(GPA ३.२५)

सनम राना
(GPA ३.२५)

सन्ध्या ठड्राई
(GPA ३.२५)

दिनेश राना
(GPA ३.१५)

नेहा पुवारे
(GPA ३.१५)

रक्षा अर्याल
(GPA ३.०५)

रिवाज श्रेष्ठ
(GPA ३.०५)

गृष्मा सारू
(GPA ३.००)

आयुष वि.क.
(GPA २.९०)

विजय राना
(GPA २.९०)

आयुष वैदवार
(GPA २.८५)

आकाश पि.सी.
(GPA २.८०)

सुवास राना
(GPA २.८०)

असिम सारू
(GPA २.७०)

दिया दर्लामी
(GPA २.७०)

सुरज विष्ट
(GPA २.७०)

रिजन बस्याल
(GPA २.५०)

मनित बराल
(GPA २.४५)

मनिष बगाले
(GPA २.३५)

प्रदिप खड्काथोकी
(GPA २.३०)

मेलिना आले
(GPA २.२५)

गोपाल पि.सी.
प्रिन्सिपल

तथा

केदारलाल श्रेष्ठ
अध्यक्ष

पाल्पा आवासीय माध्यमिक विद्यालय परिवार
तानसेन, पाल्पा